का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ साउन २०८०,
मंगलबार
8 August 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक १९४ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com



# रवि र राजेन्द्रविरुद्ध सिन्डिकेट

तीन ठूला दल कांग्रेस, एमाले र माओवादी केन्द्रले संसदमा चौथो ठूलो दल रास्वपा र पाचौं ठूलो दल राप्रपाविरुद्ध सिन्डिकेट नै खडा गरेका छन् भने राजनीतिक घटनाक्रममा मात्रै नभएर दलीय सहमतिमा समेत वास्ता गर्न छाडेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

साउन १० गतेयता संघीय संसदको प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठक चल्न सकेको छैन । कारण - प्रमुख प्रतिपक्षी नेकपा एमालेको सुन प्रकरणमा छुट्टै छानबिन समिति गठनको माग । एमालेको मागमा सरकारको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्र र प्रमुख सत्ताघटक नेपाली कांग्रेस निरन्तर छलफलमा छन् । छलफलमा संसदको चौथो ठूलो दल रास्वपा र पाचौं ठूलो दल राप्रपा सहभागी हुने गरेको छैन । राजनीतिक घटनाक्रममा मात्रै नभएर दलीय सहमतिमा रास्वपा सभापति रवि लामिछाने र राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन प्राथमिकतामा पर्न नसकेका हुन् ।

शीर्ष नेताहरुले रास्वपा र राप्रपालाई छाडेर संसदीय विषयगत समितिको सभापति लिने सहमति गरेका छन् । एमालेका सचेतक महेश बर्तौलाका अनुसार संघीय संसदको रिक्त १२ वटा संसदीय विषयगत समितिको सभापतिमा दलीय भागवण्डा मिलेको छ । एमालेले तीन वटा समितिको सभापति लिने तय भएको छ ।

एमालेले प्रतिनिधि सभा अन्तर्गतको सार्वजनिक लेखा समिति र महिला तथा सामाजिक समितिको नेतृत्व पाउने छ । प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त समिति (राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति)को सभापति पनि एमालेले पाउनेछ ।

बाँकी ९ बटा समितिमा सत्तारुढ दलहरुको भागवण्डा मिलेको छ । कांग्रेसका सांसद रामहरि खतिवडाका अनुसार चार वटा नेपाली कांग्रेसले, दुई वटा नेकपा माओवादी केन्द्रले र नेकपा एकीकृत समाजवादी, जनता समाजवादी र जनमत पार्टीले एक/एक वटा विषयगत समितिको सभापति पाउनेछन् ।

संघीय संसदको संयुक्त समिति संसदीय सुनुवाइ समितिको सभापति कांग्रेसले लिनेछ । यसबाहेक कांग्रेसले अर्थ समिति, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, र राज्य व्यवस्था तथा सुशासन समितिको सभापति लिनेछ ।

नेकपा माओवादी केन्द्रले कानुन न्याय तथा मानव अधिकार समिति र पूर्वाधार तथा विकास समितिको सभापति लिनेछ । अन्तर्राष्ट्रिय सम्बन्ध समिति सभापति जसपाले, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति जनमत पार्टीले, र शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समिति समितिको सभापति एकीकृत समाजवादीले पाउनेछन् ।

यो सहमति कार्यान्वयन भएपछि संघीय संघीय संसदमा रहेका १६ वटा विषयगत समितिमध्ये एमालेका सांसद चार वटा समितिको सभापति रहनेछन् । कांग्रेसका पाँच, नेकपा माओवादी केन्द्रका तीन, नेकपा एकीकृत समाजवादीका दुई, जसपा र जनमत पार्टीका एक/एक जना संसदीय विषयगत समितिका सभापति रहनेछन् ।

संघीय संसदमा १६ वटा समिति छन् । दुई वटा संयुक्त समिति छन् भने राष्ट्रिय सभा अन्तर्गत चार वटा र प्रतिनिधि सभा अन्तर्गत १० वटा विषयगत समिति छन् ।

राष्ट्रिय सभा अन्तर्गतको राष्ट्रिय सरोकार समितिको सभापतिमा एमालेकी पार्वती रावल (दिलकुमारी) , विधायन व्यवस्थापन समितिको सभापतिमा नेकपा एकीकृत समाजवादीका महासचिव समेत रहेका बेदुराम भुसाल, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सभापतिमा माओवादी केन्द्रका मायाप्रसाद शर्मा र दिगो विकास तथा सुशासन समितिको सभापतिमा नेपाली कांग्रेसका प्रकाश पन्थ सभापति छन् ।

शीर्ष तहमा भएको सहमति जस्ताको तस्तै कार्यान्वयन भएको खण्डमा संघीय संसदका १६ वटा विषयगत समितिले सभापति पाउँदा नेतृत्वमा ६ वटा राजनीतिक दलको मात्रै प्रतिनिधित्व रहनेछ । तर प्रतिनिधि सभाको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र पाँचौं ठूलो दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मिनी संसदमा नेतृत्व पाउनबाट बन्चित हुनेछन् ।

रास्वपाका सभापति रवि लामिछानेले देश कसरी चलिरहेको छ भन्ने तीन दलको पछिल्लो गतिविधि भएको टिप्पणी गर्छन । उनी भन्छन्, 'वर्षौंदेखि देशलाई कसरी प्यारलाईज्ड गरिएको रहेछ भन्ने राम्ररी बुझ्दैछौं ।' कयौं कानुन बनाउनु पर्ने, कयौं कानुनमा संशोधन आवश्यक रहेको र जन सरोकारका कयौं मुद्दामा छलफल र निर्णय गर्नुपर्नेमा तर संसद अवरोध गरिएकोमा उनको असन्तुष्टि छ ।



## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

*लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

ललिता निवास प्रकरण

## चार पूर्वमन्त्रीविरुद्ध पक्राउ पुर्जी

ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा पूर्वमन्त्रीहरुले सरकारी लिखत किर्ते गरेर व्यक्तिको नाममा लैजान भूमिका खेलेको आरोप छ ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

ललिता निवास क्याम्प भित्रको जग्गा हिनामिना प्रकरणमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य विजय गच्छदारविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । काठमाडौं जिल्ला अदालतले आइतबार गच्छदार सहित चार जना पूर्वमन्त्रीविरुद्ध पुर्जी जारी गरेको केन्द्रीय अनुसन्धान ब्यूरोका एकजना अधिकृतले बताए ।

ब्यूरोका अनुसार पूर्व मन्त्रीहरू डम्बरबहादुर श्रेष्ठ, चन्द्रदेव जोशी र सञ्जयकुमार शाह विरुद्ध पुर्जी जारी भएको छ। ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा पूर्व मन्त्रीहरूले सरकारी लिखत किर्ते गरेर व्यक्तिको नाममा लैजान भूमिका खेलेको आरोप छ ।

विजय गच्छदार २०६७ मा भौतिक योजना तथा निर्माण मन्त्री थिए । २०६७ असारमा भौतिक योजना तथा निर्माण मन्त्रालयमा शाखा अधिकृत हुँदा हाल सञ्चार मन्त्रालयका सचिव कृष्ण राउतले विशिष्ट व्यक्तिहरूको निवास बिस्तार सम्बन्धमा गुरुयोजना तयार गर्ने प्रस्तावको टिप्पणी उठाएका थिए ।

राउतले उठाएको टिप्पणीलाई तत्कालीन सह-सचिव नारायण गोपाल मलेगोले राय सहित भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव दीप बस्न्यातकहाँ पेस गरेका हुन् । बन्स्यातले रायसहितको प्रस्ताव सदर गरेर मन्त्री विजय गच्छदारकहाँ पेस गरे । सो प्रस्ताव पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगारको बहुचर्चित मुद्दामा विशेषको फैसला उल्टियो

## सर्वोच्चद्वारा म्यानपावर व्यवसायी र कर्मचारीलाई सफाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ साउन

सर्वोच्च अदालतले अख्तियार दुरुपयोग अनुसन्धानद्वारा विशेष अदालतमा दायर सेटिङका आधारमा घुस लिइ वैदेशिक रोजगारीमा पठाउन भ्रष्टाचार गरेको सम्बन्धी वैदेशिक रोजगार क्षेत्रको बहुचर्चित मुद्दामा सबै प्रतिवादीहरूलाई सफाइ दिएको छ ।

अख्तियारले २०७० साल भदौ २४ गते वैदेशिक रोजगार विभागका तत्कालीन निर्देशक उपसचिव रमेशप्रसाद मैनाली, तीन जना वैदेशिक रोजगार व्यवसायी, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय र तत्कालीन श्रम डेस्कका कर्मचारीसहित ६४ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको थियो । मुद्दामा सफाइ पाउन प्रतिवादीहरूले विशेष र सर्वोच्च अदालतमा दश वर्ष लामो कानूनी लडाइँ लडेका थिए ।

विशेष अदालतको फैसलाविरूद्व सर्वोच्च अदालतमा अख्तियार तथा कर्मचारी र व्यवसायी सबैका तर्फबाट दोहोरो पुनरावेदन परेको थियो । आइतबार र सोमबार कायममुकायम प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र न्यायाधीश कुमार रेग्मीको संयुक्त इजलासमा भएको बहसपछि विशेष अदालतको फैसला उल्टी भइ कर्मचारी तथा व्यवसायीसहित सबैले सफाइ पाएका हुन् । उक्त मुद्दामा कर्मचारी र व्यवसायीका पक्षबाट अधिवक्ता देवराज कटुवालले दुवै दिन बहस गरेका थिए ।

उपसचिव मैनालीसहित सन्ना इन्टरनेशनलका मो. मुस्ताक मियाँ, प्रोग्रेसिभ प्लेसमेन्ट सर्भिस प्रा.लि.का श्यामप्रसाद श्रेष्ठ र एड्भान्स रिक्रुटमेन्ट सर्भिस प्रा.लि.का हर्कबहादुर लिम्बूसमेत ६४ जनालाई विपक्षी बनाइएको थियो । पृष्ठ २ मा

### ताहाचलमा मेलमिलाप कक्षको शिलान्यास

**काठमाडौं/मस**– नेपाल वैदेशिक रोजगार व्यवसायी संघले ताहाचलस्थित वैदेशिक रोजगार विभाग परिसरमा मेलमिलाप केन्द्रको कार्यकक्ष निर्माण शुरू गरेको छ । वैदेशिक रोजगार व्यवसायीहरुको आर्थिक सहयोगमा निर्माण हुने उक्त मेलमिलाप केन्द्रको संघका अध्यक्ष राजेन्द्र भण्डारीले संघ कार्यसमिति पदाधिकारी र सदस्यहरूको उपस्थितिमा सोमबार शिलान्यास गरे ।

संघले वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न कारणले विभागमा आउने कामदारको उजुरी तथा गुनासो सुनुवाइ गर्दै आएको छ । तर विभाग बुद्धनगरबाट ताहाचल स्थानान्तरण भएपछि मेलमिलाप कक्ष बनेको थिएन । पृष्ठ २ मा

## 'सदन नचल्दा जनताका आवाज रोकिए'

राजस्व अनुसन्धान विभागले साउन २ गते त्रिभुवन विमानस्थलबाट गैरकानूनीरुपमा नेपाल भित्रिएको झण्डै एक सय किलो सुन बरामद गरेको थियो । यससम्बन्धमा उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै एमालेले साउन १० गतेयता संघीय संसदको दुवै सदनको बैठक चल्न दिएको छैन ।




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

सभामुख देवराज घिमिरेले सदनमा अवरोध हुँदा जनताको आवाज रोकिएको बताएका छन् ।

'संसद अवरोध हुँदा जनताका आवाज रोकिएका छन् । माननीयहरुले प्राकृतिक विपत लगायतका धेरै जनसरोकारका विषय सदनलाई जानकारी दिन सक्नुभएको छैन' नयाँ बानेश्वरस्थित आफ्नै कार्यकक्षमा बसेको प्रमुख तीन दलका शीर्ष नेताहरुसँगको छलफलपछि पृष्ठ २ मा

### संसद अवरोधका नाममा सेटिङ चल्दैछ : राप्रपा



राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द शाही प्रमुख तीन दलले सदन बन्धक बनाएको आरोप लगाउँछन् ।

ठूला दलले जनता र जनजिविकाका सवालमा छलफल गर्नुपर्ने सदनलाई चल्न नदिएर सिन्डिकेट गरेर सुन पृष्ठ २ मा

# श्रीराम सुगर मिल्सको अनधिकृत लिलामी खारेजको माग राख्दै प्रदर्शन

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २२ साउन

रौतहटको धरोहरका रुपमा रहेको श्रीराम सुगर मिल्सलाई अनधिकृत तबरबाट लिलाम गरिएको भन्दै उखु उत्पादक संघले सदरमुकाम गौरमा प्रदर्शन गरेको छ।

संघले सोमबार प्रदर्शन गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र समेत बुझाएको छ।

उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादवको अगुवाइमा पूर्व राजदूत डा.वंशिधर मिश्र, नेपाली कांग्रेसका जिल्ला सभापति एवं प्रदेश सांसद सुनिलकुमार यादव, प्रदेश सांसद शोभा देवी साह, किशोरी यादव, देवाही गोनाही नगरपालिकाका मेयर प्रेमलाल साह, नेकपा एसका नेता वृजकिशोर यादव, सुनिल यादव, रामनारायण यादव, दिपक यादव, रामभरोस यादव, रामचन्द्र गिरी, अनिल




यादव, रामेश्वर यादव, युवा नेता राजकुमार दास तत्मा, उद्योगी, व्यापारी, किसानहरुले प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रमार्फत प्रधानमन्त्रीसहित सम्बन्धित निकायलाई ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्र पश्चात् बिपी चोकमा कोर्ण सभाको आयोजना गरी प्रदर्शनकारीले अनधिकृत रुपमा लाखौं उखु किसानको धरोहरलाई चोर बाटो भएर लिलाम गरिएको भन्दै लिलाम तत्काल रद्द गर्न र श्रीराम सुगर मिल्सलाई पुनः सञ्चालनमा ल्याउन जोडदार माग गरेका छन्।

युवा नेता एवं व्यवसायी रामभरोस यादवले किसानहरुले कौडीको मूल्यमा जग्गा दिएर चिनी मिल्सका सञ्चालकलाई बिक्री गर्न जग्गा नदिएको भन्दै उद्योग सञ्चालन गर्नका लागि दिएको जग्गालाई कुनै पनि हालतमा बिक्री गर्न नदिने बताए।

पाँच दिनमा राज्यबाट उचित सम्बोधन नभए आउँदो २७ गते चिनी मिल्स गरुडामा वृहत भेलामार्फत संघर्षका कार्यक्रम तय गरिने यादवको भनाइ छ। प्रमुख जिल्ला अधिकारी मिश्रले उखु उत्पादक संघद्वारा प्राप्त ज्ञापन पत्र सम्बन्धित निकायमा पठाइसकेको जानकारी दिए।

# दुई महिने बालकको हत्या आरोपमा आमाबुबा पक्राउ

**राम प्रसाद घिमिरे/मध्यान्ह**
बागलुङ, २२ साउन





बागलुङमा दुई महिने बालकको हत्या आरोपमा आमाबुबा पक्राउ परेका छन्। जिल्लाको पश्चिम निसीखोला गाउँपालिका-४ बडाचौरका २४ वर्षीय विरु विक र ३० वर्षीया सविना विकलाई दुई महिनाको नाबालकको हत्या गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी मदन केसीले जानकारी दिए।

साउन १८ गते बिहीबार राति विक दम्पतीबीच आपसी विवाद हुँदा बालकलाई तानातान गर्ने क्रममा भुईंमा खसी बझारिएर बालकको घटनास्थलमै मृत्यु भएको बताइएको छ।

प्रहरीले घटना भएको तीन दिनपछि मात्रै जानकारी पाएको थियो। त्यसलगत्तै प्रहरीले हत्या आरोपमा विक दम्पतीलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको हो। प्रहरीले विक दम्पतीलाई जिल्ला अदालत बागलुङमा आइतबार ज्यानसम्बन्धी कसुरमा मुद्दा दर्ता गरेर पाँच दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको केसीले बताए।

# प्रखर परोपकार मिसन नेपाल खजुराको नवनिर्वाचित कार्यसमितिद्वारा पदभार ग्रहण




**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, २२ साउन

प्रखर परोपकार मिसन नेपाल, खजुराको नवनिर्वाचित कार्यसमितिको शपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ। आगामी तीन वर्षका लागि गत १६ गतेको भएको प्रखरको ११औं साधारण सभाले स्थानीय अगुवा महेन्द्र मल्लको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको थियो।

पश्चिम नेपालको एक मात्र क्यान्सर अस्पताल सुशील कोइराला प्रखर क्यान्सर अस्पताल निर्माणको नेतृत्व लिएको सो संस्थाको नयाँ कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा सुदीप पौडेल, शेरबहादुर बुढा, महासचिवमा ई. विवेक लामिछाने, कोषाध्यक्षमा तारामणि अधिकारी, सचिवमा लेखनाथ सापकोटा र सहकोषाध्यक्षमा जिवनाथ सापकोटा सर्वसम्मत चयन भएका छन्।

त्यसैगरी प्रखरको सदस्यहरुमा वरिष्ठ पत्रकार पूर्णलाल चुके, रामचरण बिसी, बालकृष्ण लामिछाने, विकास सापकोटा, अब्दुल कादिर शेख, दीपक ढकाल र होमनाथ पौडेल चयन भएका छन्। प्रमुख निर्वाचन अधिकृत अधिवक्ता ईश्वरी प्रसाद ज्ञवालीले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई प्रमाण पत्र वितरण गर्दै शपथ ग्रहण गराएका थिए। साथै सो अवसरमा नयाँ कर्यसमितलाई पद हस्तान्तरणसमेत गरिएको थियो।

सो अवसरमा नवनिर्वाचित अध्यक्ष महेन्द्र मल्लले प्रखर परोपकार मिसन नेपाल, खजुराको अगुवाइमा निर्माण र सुचारु भएको पश्चिम नेपालकै गौरवको रुपमा रहेको सुशील कोइराला प्रखर क्यान्सर अस्पतालको विकासका लागि आफू र आफ्नो टिमले काम गर्ने विश्वास दिलाए। उनले अस्पताललाई यो अवस्थासम्म ल्याइर्पुयाउने पुराना समितिका अनुभवी साथीहरुसँग सहयोग, समन्वयको भूमिका निर्वाह गरेर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे।

स्थापनाकालदेखि नेतृत्वमा रही क्यान्सर अस्पतालको निर्माण र विकासका लागि अहोरात्र खटिएका तथा १८ वर्षसम्म प्रखरको नेतृत्व गर्दै आएका किस्मतकुमार कक्षपतिलाई नयाँ कार्यसमितिको तर्फबाट सम्मान गरिएको थियो। सम्मान ग्रहण गर्दै कक्षपतिले श्रीमद्भागवत ज्ञान महायज्ञमार्फत सन्त दीनदयाल महाराजको संकल्पमा क्यान्सर अस्पताल निर्माण र सुचारु गर्न आफ्नो टिम अहोरात्र खटिएको बताए। आफूले अस्पतालको विकास र वृहत्तर हितका लागि सबै राजनीतिक आस्थाका साथीहरुसँग हातेमालो गरेर काम गरेको र आस्थाको आधारमा कुनै पनि भेदभाव नगरेको स्मरण गराउँदै उनले यति हुँदाहुँदै पनि आफूमाथि साधारण सभामा मानमर्दन गर्ने धृष्टता र सामाजिक सञ्जालमा बदनाम गर्ने प्रयास गरिएकोप्रति गुनासो पोखे।

संस्थाका कानूनी सल्लाहकार अधिवक्ता ईश्वरी प्रसाद ज्ञवालीले कानूनी सल्लाहकारको रुपमा काम गर्दा यस संस्थाबाट धेरै नयाँ कुरा सिकेको र आफ्नो पेशागत व्यवसायका लागि ठूलो उपलधि भएको बताए।

सो अवसरमा सुशील कोइराला प्रखर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक कार्डियोथोरापिक एण्ड भास्कुलर सर्जन तथा क्यान्सर रोग विशेषज्ञ डा. निरज भट्टराईले अस्पतालमा अब ब्लड क्यान्सरदेखि सबैखाले क्यान्सरका रोगहरुको उपचार हुन थालेको बताउँदै अस्पतालमा काम गर्ने राम्रो वातारण सिर्जना भए पश्चिम नेपालकै हब हुनसक्ने गौरव पनि यस क्षेत्रका नागरिकले पाउने बताए।

### ललिता...

राज्यमन्त्री सञ्जय शाह र उप-प्रधानमन्त्री गच्छदारले सदर गरेर मन्त्रिपरिषदमा लगेका हुन्।

ललिता निवासको जग्गा हिनामिना प्रकरणमा नेपाल प्रहरीले गहनरुपमा अनुसन्धान अघि बढाएको छ। सर्वोच्च अदालतले समेत तल्लो तहका व्यक्तिहरु मात्रै अनुसन्धानका दायरामा आएकाले निर्णयकर्ता र त्यसको पालनामा प्रत्यक्ष संलग्नहरुलाई समेत अनुसन्धानको दायरामा ल्याउन आदेश दिएकै बेला चार पूर्वमन्त्रीहरुविरुद्ध समेत पक्राउ पुर्जी लिएर अनुसन्धानलाई थप तीव्रता दिएको हो।

उक्त जग्गा प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले अनुसन्धान गरिरहेको छ। अदालतले आइतबार आदेशपछि प्रहरीमाथि अनुसन्धानमा थप दबाब परेको छ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले अदालतको आदेशलाई 'नोटिसमा राखेको बताए। प्रहरी स्रोतका अनुसार उनले सो विषयमा महान्यायाधिवक्ता लगायतका सरकारी अधिकारीहरुसँग छलफल पनि बढाएका छन्।

'ललिता निवास प्रकरणको अनुसन्धान तीव्र छ, कुनै कमी हुँदै न, निष्पक्ष रुपमा अघि बढ्छ, तथ्य र प्रमाणका आधारमा अनुसन्धान हुने भएकाले को केभन्दा पनि अपराधमा को संलग्न छ भन्ने कुरा महत्त्वपूर्ण हो, त्यही आधारमा काम अघि बढ्छ, सीआईबीका एक अनुसन्धान अधिकृतले भने।

अहिलेसम्म २३ जना पक्राउ गरिएकामा तीनजना बन्दी प्रत्यक्षीकरणको रिटमार्फत छुटेपछि बाँकी २० जनालाई हिरासतमा राखेर अनुसन्धान जारी राखिएको छ।

### सर्वोच्चद्वारा...

मुद्दामा विभागका शाखा अधिकृत ४ जना, नायव सुब्बा ५ जना, खरिदार ३ जना र अनुवादक २ जना विपक्षी थिए। त्यसैगरी विमानस्थलको तत्कालीन श्रम डेस्कका ४ जना शाखा अधिकृत, ३ जना नायव सुब्बा र २ जना खरिदारसहित बिचौलिया र केही ट्राभल्स एजेन्सी सञ्चालकलाई विपक्षी बनाइएको थियो।

विशेष अदालतले तत्कालीन निर्देशक मैनाली र कम्प्युटर अपरेटर पप्पुकुमार साहलाई तीन महिना कैद सजाय र दश हजार जरिवाना तथा म्यानपावर व्यवसायीहरूलाई तीन महिना कैद सजायको फैसला सुनाएको थियो।

अख्तियारले उनीहरुविरुद्ध नेपाली कामदारलाई कतारका विभिन्न कम्पनीमा वैदेशिक रोजगारीका लागि पठाउँदा विभिन्न लटमा अन्तिम श्रम स्वीकृति लिँदा विभागका कर्मचारीबाट अरबिक भाषा, भिसालगायत कागजातमा परिवर्तन गरी त्यसको आडमा आर्थिक लाभ लिइ भ्रष्टाचार गरेको अभियोग लगाएको थियो।

विशेष अदालतले फैसला गर्दा आधिकारिकरूपमा विदेशमा रहेको नेपाली दूतावासबाट प्रमाणित भइ नआएको अवस्थामा एक महिना अगाडिको मितिको फ्याक्स छायाप्रति कागजातलाई नै आधिकारिक मानी पूर्व श्रम स्वीकृति दिँदाको अवस्थाका विवरण दुरुस्त नमिलेको अवस्थामा पनि अन्तिम श्रम स्वीकृती (स्टीकर) प्रदान गरेको निष्कर्ष निकाल्दै व्यवसायी तथा कर्मचारीलाई दोषी ठहर गरेको थियो। सर्वोच्च अदालतले सोमबार त्यसमा असहमति जनाउँदै अख्तियारले विपक्षी बनाएका सबैलाई सफाइ दिएको हो। सर्वोच्चको फैसलाको पूर्णपाठ आउन केही समय लाग्ने अधिवक्ता कटुवालले मध्यान्हलाई जानकारी दिए।

### ताहाचलमा...

मेलमिलाप कक्ष निर्माणका लागि प्रारम्भिकरूपमा १६ लाख लागत इष्टिमेट गरिएको संघका महासचिव मेघनाथ भुर्तेलले बताए।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले उक्त कक्ष निर्माणका लागि ४ लाख रूपैयाँभन्दा बढी सहयोग गरेको छ। मञ्चका अध्यक्ष जनक रावलले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीलाई ४ लाख ९ सय ६१ रुपैया हस्तान्तरण गरिसकेका छन्। महासचिव भुर्तेलले व्यवसायीको हितका लागि व्यवस्थित कार्यकक्ष बनाउन लागिएको भन्दै सहजरूपमा आर्थिक सहयोग गर्न व्यवसायीहरूलाई आग्रह गरे।

### सदन...

सभामुख घिमिरेले भने। सदनमा जारी अवरोध खुलाउने विषयमा मंगलबार दिउँसो ३ बजे वानेश्वरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउबा, प्रमुख विपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओली, प्रमुख तीन दलका प्रमुख सचेतक र सचेतकहरु छलफलमा बसेका थिए। त्यस अगाडि साढे १२ बजे नेताहरु सिंहदरवार स्थित सभामुखको कार्यकक्षमा छलफलमा बसेका थिए। दुवै छलफल निस्फल भएपछि सोमबार दिउँसो ३ बजेका लागि बोलाइएको प्रतिनिधि सभाको बैठक बस्दै नबसी मंगलबार दिउँसो ४ बजेसम्मका लागि स्थगित भएको छ।

राजश्व अनुसन्धान विभागले साउन २ गते त्रिभुवन विमानस्थलबाट गैरकानुनी रुपमा नेपाल भित्रिएको झण्डै एक सय किलो सुन बरामद गरेको थियो। यस सम्बन्धमा उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै एमालेले साउन १० गते यता संघीय संसदको दुवै सदन (प्रतिनिधि सभा र राष्ट्रिय सभा)को बैठक चल्न दिएको छैन।

सत्तारुढ दलहरु सरकारी अनुसन्धान टुंगो लागेपछि मात्रै अर्को छानकिन समिति गठन गर्न सकिने बताइरहेका छन। सत्तारुढ दल र प्रमुख प्रतिपक्षी नेकपा एमालेको अडानका कारण संसद चल्न सकिरहेको छैन।

फेरि पनि सहमतिको विकल्प नरहेको सभामुख घिमिरे बताउँछन्। 'मैले अधितकतहरुपमा लचिलो भएर दलहरुलाई सहमतिका लागि सकारात्मक दबाब दिइरहेको छु। म दलहरुबीच आपसी विश्वास, एकता र सहकार्यको पक्षमा उभिँदै आएको छु' सभामुख घिमिरेले भने। आफू सूचना टाँसेर बैठक रोक्ने नजिर स्थापित गर्ने पक्षमा नरहेको पनि उनले बताए।

सभामुख घिमिरेका अनुसार प्रमुख नीत दलका शीर्ष नेताहरुको अर्को बैठक मंगलबार बिहान साढे १० बजे प्रधानमन्त्री निवास बालुवाटारमा बस्ने तय भएको छ। उनी भन्छन्, 'आशा छ, भोलिदेखि हामी सदनको नियमित कारबाहीमा जानेछौं।'

### संसद...

प्रकरणजस्तो गम्भीर घटनामा समेत सेटिङ मिलाउन खोजेको उनको आरोप छ।

सोमबारको सदन मंगलबार सारेपछि शाहीले प्रतिक्रिया दिँदै भने, 'ठूला दलले सदनलाई सिन्डिकेट गरेर सुन काण्डजस्तो जघन्य अपराधलाई समेत मिलाउन दलहरु सेटिङ गरेर बसेका छन संसद कुनै व्यक्ति नभई सार्वभौम हो भन्ने कुरा ठूला दलहरुले बुझ्नु जरुरी छ।'

राप्रपाका प्रवक्ता समेत रहेका प्रमुख सचेतक शाहीले जन जिविकाको सवालमा छलफल हुने थलो सदनलाई धेरै दिन अवरोध नगर्न समेत तीन प्रमुख दल नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीलाई आग्रह गरेका छन्।


## लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो। यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं।

**मुख्य लक्षणहरू:**

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने

**रोग सर्ने मुख्य कारणहरु**

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा



**उपचार तथा रोकथाम**

- ठोस उपचार छैन।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने।

**गढी गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**औराबनी, सुनसरी**
**कोशी प्रदेश, नेपाल**



**मालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अर्खावाङ्ग, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**पहिलो पटक प्रकाशन मितिः २०८०/०४/२३**

१. यस मालिका गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/८१ को अवधिको लागि तपशिल बमोजिमको स्थानहरुमा ढुङ्गा, गिटि, बालुवा लगायतका नदिजन्य पदार्थहरुको निकासी कर संकलन गर्न ठेक्का बढाबढ प्रक्रियाद्धारा बन्दोवस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक, व्यक्ति, फर्म संस्था वा कम्पनिहरुले तपशिल बमोजिमको शर्तको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सुचित गरिन्छ।
२. यो सूचना प्रकाशन भएको मितिले १५ औ दिनसम्म सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित ईजाजत प्रत्र, अध्यावधिक नविकरण फर्म, सस्था वा कम्पनि दर्ताको प्रमाणित प्रमाण पत्र, मुल्य अभिबृद्धि करमा दर्ताको प्रमाणित पत्र, स्थायी लेखा नं. (PAN) प्रमाणित पत्र, आर्थिक वर्ष २०७९/८० सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, नियमानुसारको तपशिलमा उल्लेख सिलबन्दी दरभाउपत्र दस्तुर (पछी फिर्ता नहुने गरि) निवेदन साथ पेश गरेपछि नियमानुसार छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ।
३. सिलबन्दी दरभाउपत्र १६ औ दिनको १२ बजेसम्म पेश गरि सक्नु पर्ने र सोहि दिन दिनको १ बजे मालिका गाउँ कार्यपालिकाको कार्यालय अर्खावाङ्ग गुल्मीमा सिलबन्दी दरभाउपत्र खोलिने छ।
४. सिलबन्दी दरभाउ पत्र साथ आफुले कवोल गरेको अङ्कको ५ प्रतिशत धरौटी मालिका गाउँपालिकाको ग्लोबल आइ.एम.ई.लि. अर्खावाङ्ग गुल्मीमा रहेको धरौटी खाता नं. 36004010000004 मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ। साथै बैंक ग्यारेन्टीलाई समेत मान्यता दिईने छ।
५. रकम तिर्न किस्ता गरि बुझाउनु पर्ने छ। पहिले नै एकमुष्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १० प्रतिशत रकम कम गरि बुझाउन सकिने छ।
६. कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पेर्नेछ। पहिले नै एक मुस्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १० प्रतिशत रकम कम गरि बुझाउन सकिनेछ।
७. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पुर्व प्रथम किस्ता बापत २५ प्रतिशत रकम दाखिला गर्नु पर्नेछ। अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी परफमेन्स बोण्ड बनाई पेश गर्नु पर्नेछ। रित नपुगि वा म्याद नागि आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
८. नियमानुसार लाग्ने सम्पुर्ण कर ठेकेदार स्वंमले व्यहोर्नु पर्नेछ।
९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
१०. ठेक्काका अन्य शर्तहरु सिलबन्दी दरभाउपत्रमा तोकिएअनुसार हुनेछ।
११. यस सूचना मा नपरेका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**थप जानकारी लागी ९८५७०६७९०६, ९८५७०८४८६९ मा सम्पर्क गर्नुहुन।**

| ठेक्का न. | ठेक्काको विवरण | इकाई | उत्खनन गर्न सकिने परिमाण (घ मी) | न्युनतम ठेक्का अङ्क (मु अ कर बाहेक) | टेण्डर फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| OMRM-GUL-SQ-01-2080/081 | अर्जे खोला क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 912 | 1,93,216.00 | 1000 | |
| OMRM-GUL-SQ-02-2080/081 | घमिरखोला (सिलादी खोला क्षेत्रसमेत) मा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 624 | 1,32,201.00 | 1000 | |
| OMRM-GUL-SQ-03-2080/081 | हुल खोला क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 130 | 27,542.00 | 1000 | |
| OMRM-GUL-SQ-04-2080/081 | गिठे धरमपानी मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 170 | 36,016.00 | 1000 | |
| OMRM-GUL-SQ-05-2080/081 | कटाहा शाहीरुम्टा मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 648 | 1,37,285.00 | 1000 | |
| OMRM-GUL-SQ-06-2080/081 | ढाव मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 845 | 1,79,022.00 | 1000 | |
| OMRM-GUL-SQ-07-2080/081 | अल्छ्याङ मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 1260 | 2,66,944.00 | 1000 | |
| OMRM-GUL-SQ-08-2080/081 | तिलकोट मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 1714 | 3,63,128.00 | 1000 | |
| OMRM-GUL-SQ-09-2080/081 | नेटा लिलिङ बडिगाढ तथा दुनाम क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 3861 | 8,17,991.00 | 1000 | |
| OMRM-GUL-SQ-10-2080/081 | बोम खोला घाट (निस्दी खोला) क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 1145 | 2,42,580.00 | 1000 | |
| OMRM-GUL-SQ-11-2080/081 | डाडाखेत, वडार हाइड्रोपावर (निस्दी खोला) क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 324 | 68,643.00 | 1000 | |
| OMRM-GUL-SQ-12-2080/081 | सिस्नेरी घाटक्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 510 | 1,08,049.00 | 1000 | |
| OMRM-GUL-SQ-13-2080/081 | चिल्मिला घाटक्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 288 | 61,016.00 | 1000 | |
| OMRM-GUL-SQ-14-2080/081 | निस्दीखोला (साविक ह्वाङ्दी ८ र ९) क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | 1800 | 3,81,348.00 | 1000 | |

**प्रमुख प्रशासकिय अधिकृत**

## लम्बेतान निर्णय प्रक्रियाले देश बन्दैन : मन्त्री मोदी

**काठमाडौं/मस –** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले लम्बेतान निर्णय प्रक्रियाले देश नबन्ने बताएका छन्। सोमबार मन्त्रालयले आयोजना गरेको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति समीक्षा एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै मन्त्री मोदीले यस्तो बताएका हुन्। नियर्णयका लागि अपनाइने लम्बेतान प्रक्रियाभन्दा देशले नतिजा खोजिरहेको मन्त्री मोदीको भनाइ थियो। उनले भने, 'एउटा ऐन बनाउन वर्षौंवर्ष लाग्ने हाम्रो लम्बेतान निर्णय प्रक्रिया छ। यस्तो लम्बेतान प्रक्रियाले हुँदैन। जनतालाई लम्बेतान प्रक्रिया होइन, नतिजा चाहिएको छ।' राष्ट्रिय निजामती सेवा ऐन ल्याउने प्रक्रियामा भइरहेको लम्बेतान निर्णय प्रक्रियाको उदाहरण दिँदै उनले भने, 'मन्त्रालयले ऐन बनाएपछि कानून र अर्थमा सहमतिका लागि पठाउने, सहमति प्राप्त भएपछि समितिमा पठाउने, त्यसपछि मन्त्रिपरिषद्मा पठाउने अनि संसदमा लैजाने। यस्तो लम्बेतान प्रक्रियाले हामी चाडो नतिजा दिन नसक्ने ठाउँमा छौं।'

मन्त्री मोदीले कानून व्यक्तिगत स्वार्थका लागि नभई देश र जनताको आवश्यकतालाई सम्बोधन गर्नका बनाउनुपर्ने धारणासमेत राखे। मन्त्रालयले अहिले सुशासन कायम गर्ने सिलसिलामा सिंहदरबार वरिपरि रहेका कर्मचारीलाई स्थानीय तहमा सरुवा गर्न थालेको बताए। थप प्रष्ट पार्दै उनले भने, 'कसैप्रति आग्रह र पूर्वाग्रह छैन। कसैप्रति म आग्रह र पूर्वाग्रह बोकेर हिड्ने मान्छे म होइन। देश र जनताप्रति उत्तरदायी र हित सोचेर काम गर्न आवश्यक छ। सुशासन कायम गर्ने कुराको शुरुवात सामान्य प्रशासन मन्त्रालयबाट हुनुपर्छ। हामी यही अभियानमा छौं।' मन्त्री मोदीले सरुवा भइसकेकाहरुले रमाना नलिए वा रमाना नदिएको खण्डमा कारबाही हुने चेतावनी पनि दिएका छन्। बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य जयकान्त राउत, मन्त्रालयको सचिव डा. कृष्णहरी पुष्कर, सरोकारवाला मन्त्रालयको प्रतिनिधि, मन्त्रालयका विभिन्न विभाग तथा निकायका प्रमुख, मन्त्रालयका विभिन्न महाशाखाका सहसचिव एवम् प्रमुखसहित सबै कर्मचारीहरु उपस्थित थिए।

## सीमा क्षेत्रको समस्या समाधान गर्न चिनियाँ पक्ष सकारात्मक

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २२ साउन



हुम्ला र चीनसँग सीमा जोडिएको हिल्सा नाका क्षेत्रमा हुने अवाञ्छित गतिविधि रोक्न चिनियाँ पक्ष सकारात्मक देखिएको छ।

हुम्ला जिल्लाले भोगेका विषय र सीमा क्षेत्रमा हुनसक्ने अवाञ्छित गतिविधि, सीमा सुरक्षा, व्यापारमा सहजता र सीमापासले कैलाश मानसरोवर दर्शन गर्न पाउनुपर्ने विषयमा चिनियाँ पक्षसँग वार्ताका लागि यहि साउन ९ गते प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलसहितको टोली हिल्सा हुँदै पुरङकाउण्ट्रीको ताक्लाकोट पुगेर दुई पक्षीय वार्ता गरेको थियो।

प्रमुख जिल्ला अधिकारी पौडेलले उक्त विभिन्न विषयमा चिनियाँ पक्ष सकारात्मक भएपनि कुनै विषयमा सम्झौता भने नगरेको बताए।

२०७६ मंसिरबाट बन्द भएको हिल्सा नाका खोलेसँगै ७ सय हाराहारीमा हुम्लाबासी गत वैशाख महिनादेखि व्यवसायका लागि ताक्लाकोटसम्म मात्र जान पाउने बताइएको छ। यस्तै बिना भिसा कैलाश मानसरोवरको दर्शनका लागि भने जान नपाउने चिनियाँ पक्षले निर्णय गरिसकेको छ।

यसले हुम्ला लगायत बाहिरका पर्यटनलाई तीर्थयात्री दर्शन गर्न जान ठूलो असर परेको छ। पुराङ काउन्टीको ताक्लाकोटमा दुई देशका सुरक्षा अधिकारीहरुबीच कोरोना महामारीपछि पहिलो पटक छलफल भएको थियो। बैठकमा सीमा क्षेत्रमा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्ने, चोरी पैठारी हुन नदिने लगायतका विषयमा समझदारी भएको प्रजिअ पौडेलले जानकारी दिए। साथै बैठकमा दुई देशबीचको सामाजिक, साँस्कृतिक सम्बन्धलाई प्रवर्द्धन गर्ने प्रतिबद्धता दुबै देशका अधिकारीहरुले गरेका छन्। आगामी बैठक दुई देशको नेपाली भूमिमा गर्ने पनि सहमति भएको प्रजिअ पौडेलले बताए। त्यस्तै चीनबाट चिनियाँ मदिरा रक्सी आयत हुने भएकाले दुबै देशले यसलाई रोक्न खोजेपनि लुकिछिपी नेपालमा चिनियाँ मदिरा भित्र्याउने गरेको पाइएको छ।

बैठकमा हुम्ला जिल्लाको तर्फबाट प्रजिअ पौडेलको नेतृत्वमा नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर लामा, हुम्ला प्रहरी प्रमुख डिएसपी भिमलाल भट्टराई, सशस्त्र प्रहरी प्रमुख डिएसपी कुञ्जन प्रताप मल्ल र राष्ट्रिय अनुसन्धानका डिएसपी सत्य नारायण रावत, अध्यागमन कार्यालय हिल्साका प्रमुख सविता रावत र यारी भन्सार कार्यालय हिल्साका प्रमुख रामराज जैशी र चिनिया पक्षबाट पुरङकाउण्ट्रीका अध्यागमन प्रमुख पुझेङ जीङलको नेतृत्वमा पुरङकाउण्ट्री पुलिस हेड लिउ यान, बुराङ बोर्डर नियन्त्रण टुकडीका उपनिर्देशक सोउ लार्जजायाकन, ताक्लाकोट अध्यागमन प्रमुख फुटुन छायिङ कुन्चो टुन्डुन, ताक्लाकोट प्रहरी प्रमुख लुइ हो, ताक्लाकोट सशस्त्र प्रहरी प्रमुख लिउ यान्कु र ताक्लाकोट सीमा अधिकारी छिन्फी हीको सहभागिता रहेको थियो।

चीनसँग जोडिएको सीमा खोलेसँगै जिल्लामा विकासका सामग्री सिमेन्ट, छट, फलाम, खाद्यान्न, मैदा चामल, लत्ताकपडा, पेयप्रदार्थ, जुताचप्पल जस्ता सामान आयत भएको हुँदै आएको छ। जिल्लाबाट भने अहिलेसम्म कुनै पनि सामान निर्यात हुन नसकेको व्यवसायी दिनेश सिंहले बताए। नेपालको तरकारी, फलफूल निर्यात हुने हो भने आर्थिक अवस्था राम्रो हुने तर त्यो कार्यान्वयन नभएको सिंहको भनाई छ।

## दूतावासको समन्वयमा श्रमिक हेल्प डेस्क सञ्चालन गर्ने एनसीसी कतारको निर्णय



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २२ साउन

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारको पहिलो बैठक सम्पन्न भएको छ। केही महत्वाकांक्षी निर्णय गर्दै बैठक सकिएको छ। संघका अध्यक्ष रमेश भट्टको सभापतित्वमा सम्पन्न बैठकबाट २०२३/२५ कार्यकालका लागि कार्यसमिति विस्तारसहित कार्य विभाजन तथा विभिन्न उपसमिति समेत गठन गरिएको छ।

बैठकले कतारमा रहेको नेपाली दूतावास पुग्ने श्रमिकको सहयोगका लागि नियमित कर्मचारी रहने गरी दूतावाससँग समन्वय गरेर हेल्प डेस्क सञ्चालन गर्ने निर्णय गरेको छ। दूतावास पुगेका श्रमिकलाई फोटोकपी गर्न, राहदानी नवीकरणका लागि फाराम भर्न समस्या भइरहेको र नजिकैती सुविधा पनि नभएको स्थितिलाई मध्यनजर गर्दै 'स्रोत' जुटाएर उपकरण खरिद गरिने नवनिर्वाचित प्रथम उपाध्यक्ष कृष्ण पन्थीले बताए। उनले श्रमिकलाई थप सहजता होस् भन्ने हेतुले एक जना कर्मचारीको व्यवस्था समेत गरिने बताए।

बैठकले महाधिवेशनको हलबाट पारित भएको संकल्प प्रस्तावको मर्मअनुसार एनआरएनए आइसीसीको १०औं महाधिवेशनबाट अलग भएर गठन भएको (घले समूह)को एनसीसीसँग वार्ता गर्न संस्थाका प्रथम उपाध्यक्ष पन्थीको संयोजकत्वमा द्वितीय उपाध्यक्ष केशव कार्की र तृतीय उपाध्यक्ष सन्दिप कुमार भट्टराई सम्मिलित वार्ता समिति गठन गरेको छ। बैठकबाट एनसीसी कतारको विधान २००३ को एघारौं संशोधनको दफा १६ को १६.२ मा भएको व्यवस्थाअनुसार नन्दलाल विश्वकर्मा (अजय), सुनिल परियार, शेख दबिर, सम्सी आलम, विवेक पुलामी मगर, लीला राई, वीरेन्द्र यादव र राम हृदय शाहलाई कार्यसमिति सदस्य र कार्यसमिति सदस्य सन्तोष कुँवरलाई संघको प्रवक्तामा मनोनीत गरिएको छ। त्यस्तै संघको विधानको दफा १९ को १९.१ मा भएको व्यवस्थाअनुसार संघको सचिवालय सदस्यमा कार्यसमिति सदस्यद्वय सन्तोष पौडेल र रमेश केसीलाई मनोनीत गरिएको छ। प्रदेशमा क्रियाशील रहेका विभिन्न संघसंस्थाहरूसँग समन्वय गर्नका लागि कार्यसमितिका सदस्यहरूबाट क्रमशः कोशी प्रदेश संयोजक प्रेम कुमार बस्नेत, मधेश प्रदेश मो. आजाद मंसुर, बाग्मती प्रदेश सुदीप पाठक, गण्डकी प्रदेश नन्दलाल विश्वकर्मा (अजय), लुम्बिनी प्रदेश झविन्द्र बेल्बासे (विवश), कर्णाली प्रदेश दुर्गा वि.क. र सुदूरपश्चिम प्रदेशका लागि परमानन्द भट्टलाई जिम्मेवारी दिइएको छ।

संघको एघारौं संशोधन परिच्छेद ६ को दफा १८ को १८.२ मा भएको व्यवस्थाअनुसार सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभागको संयोजकमा प्रथम उपाध्यक्ष कृष्ण पन्थी, संघसंस्था समन्वय विभाग संयोजकमा द्वितीय उपाध्यक्ष केशव कार्की, श्रमिक सचेतना परामर्श विभाग संयोजकमा तृतीय उपाध्यक्ष सन्दिप कुमार भट्टराई, सीप तथा क्षमता अभिवृद्धि विभाग संयोजकमा महिला उपाध्यक्ष नानु घले ब्लोन, सुरक्षा एवम् स्वयंसेवक संयोजकमा युवा उपाध्यक्ष सुवास बहादुर थापा रहेका छन्।

त्यस्तै साहित्य तथा प्रकाशन विभाग संयोजकमा सचिव ओम बहादुर क्षेत्री (सन्तोष), पर्यटन प्रवर्द्धन विभाग संयोजकमा सचिव रोशन अर्याल रहेका छन्। आर्थिक विभाग संयोजकमा कोषाध्यक्ष बुद्ध पाण्डे, युवा विभाग संयोजकमा युवा संयोजक मेहेत सिंह तामाङ, महिला विभाग संयोजकमा महिला संयोजक शुष्मा खतिवडा कटुवाल, अतिथि सत्कार तथा व्यवस्थापन विभाग संयोजकमा सचिवालय सदस्य संयोजक सन्तोष पौडेल, खेलकुद तथा अतिरिक्त क्रियाकलाप विभाग संयोजकमा सचिवालय सदस्य रमेश केसी, सामूहिक लगानी विभाग संयोजकमा कार्यसमिति सदस्य श्याम प्रसाद पौडेल र कला तथा सांस्कृतिक विभाग संयोजकमा कार्यसमिति सदस्य विवेक पुलामी मगर रहेका छन्।

दशौं राष्ट्रिय महाधिवेशनमा गठित आर्थिक छानबिन समितिलाई छानबिनको प्रतिवेदन बुझाउन १५ दिनको समयावधि प्रदान गर्ने निर्णय गर्दै छानबिनका लागि आवश्यक सहयोग गर्ने एनसीसीले जनाएको छ।

## एक सय ५७ केजी गाँजासहित सात जना पक्राउ



**राहुल गुप्ता/मध्यान्ह**
बारा, २२ साउन

बारा प्रहरीले एक सय ५७ केजी लागुऔषध गाँजासहित ओसारपसारमा संलग्न सात जनालाई पक्राउ गरेको छ। आइतबार बाराको जितपुर सिमरा उपमहानगरपालिका वडा नं। २२ स्थित जंगलबाट इलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी नायब उपरीक्षक प्रदीप बहादुर क्षेत्रीको कमाण्डमा खटिएको प्रहरी टोलीले बा। ११ च ४९९२ नम्बरको स्कारपियोमा एक सय ५७ केजी गाँजा बरामद गरेको हो।

गाँजा ओसारपसारमा प्रयोग गरिएको उक्त स्कारपियो गाडीसहित मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं। १ बस्ने स्कारपियोका चालकसमेत रहेका ३९ वर्षीय रोशन नेगीलाई प्रहरीले पक्राउ गरेको छ। साथै सो कार्यम संलग्न अन्य छ जनासहित दुई वटा सवारी साधन पनि प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए।

पक्राउ पर्ने अन्यमा मकवानपुर भिमफेदी गाउँपालिका वडा नं। ९ बस्ने ३० वर्षीय मुकेश लामा, बारा जितपुर सिमरा उपमहानगरपालिका वडा नं. २१ बस्ने ३३ वर्षीय बुद्ध पाख्रिन, भारतको बहराईज बस्ने अन्दाजी २६ वर्षीय अलि अहमद भाट, भारतको मोतिहारि बस्ने अन्दाजी १८ वषी देव कुमार, सोही ठाउँका अन्दाजी २३ वर्षीय जमालुदिन खान र सोही ठाउँ बस्ने ३५ वर्षीय जागिरदिन मिया रहेको प्रहरीले जानकारी दिएको छ। उनीहरुको साथबाट प्रहरीले बीआर ०५ जी ८६५६ नम्बरको भारतीय पिकअप गाडी र बीआर ०५८९६१ नम्बरको भारतीय पल्सर मोटरसाइकल पनि बरामद गरेको छ। उनीहरुलाई इलाका प्रहरी कार्यालय सिमरा ल्याइ कानूनी कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरी नायव उपरीक्षक न्यौपानेले जानकारी दिए।

## आँखा पाक्ने बिरामी बढेसँगै पठनपाठनमा समस्या

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २२ साउन



उदयपुरमा आँखा पाक्ने बिरामीको संख्या बढेसँगै विद्यालयमा पठनपाठनको समस्या भएको छ। उदयपुरको त्रियुगा नगरपालिकासहित अन्य ठाउँमा आँखा पाक्ने रोग फैलिँदा विद्यार्थीहरुलाई विद्यालयमा पढ्न समस्या भएको हो।

अहिले विद्यार्थीहरुमा आँखा पाक्ने, रातो हुने चिलाउनेजस्ता समस्या देखा परेको त्रियुगा नगरपालिकास्थित क्यान्भास बोर्डिङ स्कुलका अध्यक्ष तथा सञ्चालक गणपति चौधरीले बताए। उनले दिनको करिब १ सय ५० जना विद्यार्थीमा यस्तो किसिमको रोग देखिँदै आएको जानकारी दिए। उनले कम उमेर समूहका विद्यार्थीलाई यसले असर गर्ने गरेको बताए। उनले विद्यार्थीले उपचार गरेर औषधि लगाउने तथा चस्मा लगाउने गरेमा विद्यालय आउन दिइने र ती सबै उपचार विधि नअपनाउनेलाई घरमै रोकेर राख्ने गरिएको बताए।

यता गाईघाट त्रियुगा उच्च माविमा पनि आँखा पाक्ने रोगको उपचार गर्नेलाई विद्यालय आउन दिइएको र उपचार नगरी बसेकालाई घरमै रोकेर राखिएको माविका प्रधानाध्यापक सुवास विष्टले बताए। त्रियुगा नगरपालिका-४ बगहा साल्घारीमा रहेको क्रीमसन बोर्डिङ स्कुलमा विद्यार्थीमा आँखा पाक्ने बिरामी बढेपछि दुई दिनको बिदा दिइएको अध्यक्ष तथा सञ्चालक सुमन चौधरीले जानकारी दिए।

आँखा पाक्ने रोगको बढी असर सरकारी विद्यालयभन्दा बढी निजी विद्यालयहरुमा देखिएको हुँदा सो समस्या समाधानका लागि छलफल भइरहेको जिल्ला प्याब्सन त्रियुगा नगर सचिव प्रकाश पौडेलले जानकारी दिए। शिक्षा विकास तथा समन्वय इकाइ उदयपुरका निमित्त प्रमुख भवानी प्रसाद कट्टेलले हाल बर्खे बिदाका कारण अधिकांश सरकारी विद्यालय बन्द हुँदा सरकारी विद्यालयमा आँखा पाक्ने रोगको समस्या नरहेको जानकारी दिए। सरकारी विद्यालय २८ गतेदेखि सुचारु हुने चौदन्डीगढी नगरपालिकाको शिक्षा शाखा प्रमुख रामेश्वर कुँवरले जानकारी दिए।

यस वर्ष गएका वर्षहरुमा भन्दा बढी आँखा पाक्ने बिरामी देखा परेको चौधरी आँखा अस्पताल जिल्ला शाखा उदयपुर गाईघाटका प्रमुख मुरारी तिमल्सिनाले बताए। तिमल्सिनाले आँखा पाक्ने रोग हावा र विभिन्न माध्यमबाट मानिसमा सर्ने र एडिनो भाईरस सिम्प्लेक्सको कारणले हुने बताए। उनले शुरुवाती क्रममा कोशी प्रदेशको पूवी जिल्लाबाट आँखा पाक्ने रोग शुरु भएसँगै अन्य जिल्लामा फैलिएको बताए।

आँखा पाक्ने बिरामी ७५ प्रतिशत बालबालिका र वृद्धवृद्धा रहेको उनले बताए। उनले आँखा पाक्ने बिरामी दिनमा दुई सयको हाराहारीमा उपचारका लागि आउने गरेको र यो संक्रमण दुई हप्तासम्म रहने जानकारी दिए। आँखा पाक्ने रोगबाट बच्न विशेषगरी सरसफाइ गर्ने र बाहिर हिँड्दा चस्मा, मास्क लगाउने र अरुले प्रयोग गरेको सामान पुनः प्रयोग गर्न नहुने उनको सुझाव छ।


### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०४/२३**

**प्रसाद डिजीटल म्यूजिक प्रा.लि.** को मिति २०८०/०३/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सामीया इन्टरटेन्मेन्ट प्रा.लि. (प्रा.लि. नं.: ८८७५२)** साथै साविक ठेगाना परिवर्तन गरी **तारकेश्वर नगरपालिका-१०, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०३/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### Invitation for Bids
## Malika Rural Municipality
**Arkhawang, Gulmi**

**Date of publication: 08-August, 2023**

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of works as specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   Information to deposit the cost of Bidding Document in Bank:
   Name of the Office : Malika Rural Municipality, Arkhawang, Gulmi:
   Name of Bank : Global IME Bank Ltd. (Branch of malika Gulmi)
   Office Account no : 36004010000001 (Sthaniya taha sanchitkoshkhatamalikaga pa)
3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Malika Rural Municipality, Arkhawang, Gulmi
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (Staniya Taha Dharauti Khata (malikaga pa), A/CNo.: 36004010000004) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Incase confusion contact on 9867386052, 9857067906 within office time. The name, identification number and other details of the contracts are as follows:

| SN | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Ratdada Musikot Paudi Amrahi (Neta Darling Hwangdi Road Section A ) | OMRM-GUL-W-NCB-15-2080/081 | 1,59,00,285.43 | 3,000.00 | 4,00,000.0 | 08/09/2023 12:00 | 8/09/2023 13:00 | Online |
| 2 | Construction of Neta Darling Hwangdi Gangare Road | OMRM-GUL-W-NCB-16-2080/081 | 47,40,673.58 | 3,000.00 | 1,25,000.0 | 08/09/2023 12:00 | 8/09/2023 13:00 | Online |
| 3 | Construction of Phulwari Chorkae Arjai Boma Neta Bhimgethe Sadak | OMRM-GUL-W-NCB-17-2080/081 | 1,48,07,933.86 | 3,000.00 | 4,00,000.0 | 08/09/2023 12:00 | 8/09/2023 13:00 | Online |
| 4 | Procurement And Supply Of Medical Items For Malika Rural municipality | OMRM-GUL-G-NCB-18-2080/081 | | 3,000.00 | 55,000.0 | 08/09/2023 12:00 | 8/09/2023 13:00 | Online |

**Chief Administrative Officer**

आयो टप्प टिपो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरून झुकेर पाउँमा यो विन्ति सुन्दैन त्यो।।

### भावपूर्ण श्रद्धाञ्जली



जन्मः २००१/११/१८ मृत्युः २०८०/०४/११

**स्वर्गीय खलवीर खड्का**

हाम्रा यस प्रा.लि.मा कार्यरत **श्री पूर्णबहादुर खड्का ज्यू**को पुजनिय बुबा रोल्पा जिल्ला माडि गाउँपालिका वडा नं. ४ हाल लमहि, दाङ निवासि **खलवीर खड्का**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा मृत्य आत्माको चिर शान्तीको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त खड्का परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

पुण्य प्रसाद अधिकारी, अध्यक्ष
बिष्णु प्रसाद आचार्य, प्रवन्ध निर्देशक
भोजराज भट्टराई, कार्यकारी निर्देशक

**प्रफेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि. परिवार**



## सम्पादकीय

# अनुसन्धानमा सहयोग गर्नु उचित


सर्वोच्च अदालतले आइतबार दिएको आदेशबाट ललिता निवासको जग्गा हिनामिना प्रकरणमा पूर्व प्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराईमाथि समेत अनुसन्धान गर्ने बाटो खुलेपछि राष्ट्रिय राजनीति तरंगित हुन पुगेको छ । २०६६, २०६७ र २०६९ मा मन्त्रिपरिषद्बाट भएको निर्णयप्रति उच्च पदस्थ व्यक्ति समेतलाई अनुसन्धान गर्न सर्वोच्चले आदेश दिएको छ । न्यायाधीशहरू अनिलकुमार सिन्हा र कुमार चुडालको इजलासले दिएको यो आदेशले पूर्वप्रधानमन्त्रीहरू नेपाल र भट्टराई तानिने देखिएको हो । किनकि त्यो बेला माधव नेपाल र बाबुराम भट्टराई मुलुकको प्रधानमन्त्री थिए । तर मन्त्रिपरिषद्बाट भएको नीतिगत निर्णयमाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न नपाउने व्यवस्थाले नेपाल र भट्टराई ललितानिवास प्रकरणमा अलग थिए । त्यसबेलाका मन्त्रीहरूमाथि चाहिँ पहिलेबाटै अनुसन्धान भइरहेको थियो ।

तर सर्वोच्चको पछिल्लो आदेशले अहिले सत्ता गठबन्धनमै रहेका प्रमुख नेताहरू तानिएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी र बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीले समर्थन जनाएका छन् । भट्टराईले प्रधानमन्त्री प्रचण्ड नेतृत्वको नेकपा माओवादी केन्द्रकै चिन्हबाट गएको चुनाव लडेका थिए । नेता नेपाल त अहिले प्रचण्ड सहितको समाजवादी मोर्चा, नेपालका महत्वपूर्ण घटक हुन् । त्यो भन्दा पनि एकीकृत समाजवादीको निर्णय बदलिएमा अहिलेको सत्ता नै धर्मराउने संसदीय गणित छ । तसर्थ सर्वोच्चको आदेशले राजनीति तरंगित हुन पुगेको हो । कतिपयले यही संसदीय गणितलाई लिएर माधव नेपाल र बाबुराम भट्टराईमाथि अनुसन्धान हुन नसक्ने अनुमान गरिरहेका छन् ।

जबकी सर्वोच्चको आदेशले मुलुकमा भ्रष्टाचारबारे नयाँ नजीर नै स्थापित गर्ने देखिन्छ । किनकि यसअघि नीतिगत निर्णय भन्दै कुनैपनि पूर्वप्रधानमन्त्रीविरूद्ध अख्तियारले अनुसन्धान गर्ने गरेको थिएन । ललिता निवासको १४३ रोपनी जग्गा हिनामिना प्रकरणमै पनि सरकारी अधिकारी, व्यक्ति र केही संस्थाहरूमाथि अनुसन्धान भइरहेको छ । माइन्यूट लेख्ने कर्मचारी नै पक्राउ पर्दा त्यस्तो निर्णय गर्ने प्रधानमन्त्री र मन्त्रीहरू तानिएका थिएनन् । तर सर्वोच्चले पूर्वप्रधानमन्त्रीहरूमाथि समेत अनुसन्धान गर्ने बाटो खोलिदिएको छ । यो आदेशलाई कतिपयले आशंकाले हेरेका छन् । तर अनुसन्धान हुँदैमा डराउनुपर्दैन । बरू यस्ता भ्रष्टाचार र हिनामिनाकै अनुसन्धानलाई सहयोग पुग्छ । त्यसैले यो प्रकरणमा निष्पक्ष अनुसन्धान गरिनु र शीर्ष नेताहरूले समेत सहयोग गर्न आवश्यक छ ।

# कम्युनिष्ट आन्दोलन र चिन्तन पद्धति

अग्रलेख



● लेखराज रेग्मी

भौतिकवादमा ध्यानदृष्टि र दिव्यदृष्टीको ठाउँ त्यति देखिन्न । यदि यो दुई कुरा मनोरोगमा परिणत भयो भने जन्मिने विचारधाराका विश्रृङ्खलता खतरनाक हुँदो रहेछ । विघटनमा पुगिसकेको जर्मनीलाई 'महान्' बनाउन सफल हिटलरले आफ्नै शासनकालमा जर्मनी मात्र होइन दुनियालाई नै आगोमा झोँकिदिए । यो फगत एउटा दृष्टान्त मात्रै हो ।

हामी मनमा सुन्दर सपना सजाउँछौ । यसको स्रोत हामीले पढेको कम्युनिष्ट घोषणापत्रमा छ, रुसमा र चीनमा स्थापित समाजवादी सत्ता र उपलब्धिहरुमा छ । हामी त्यही सौर्यगाथा र महानकार्यमा प्रभावित छौं, यसमा कुनै टिकाटिप्पणी आवश्यक छैन । यो सपना देख्ने कुरा भयो । हजुरआमाले सुनाएका कथाभित्र सपनामा उड्ने जस्तै हो हाम्रो समाजवादी यात्रा । यो यथार्थ बन्न त हाम्रा सोंच समझदारी र कार्यान्वयनमा ठोस र वस्तुगत स्थितीको सापेक्षतालाई भविष्यसँग जोड्ने महान कार्यको थालनी हिसाबमै नआउने झिनामसिना कामहरुको सफल अभ्यासबाट शुभारम्भ हुँदोरहेछ । ठिक यही बिन्दुमा हौसलापस्तीको शिकार बनिरहेका हुने रहेछौँ र ढाँटछलबाट आफुलाई टिकाउन सामन्तीकालिन बीरपुजाको सिकार हुन थाल्दा रहेछौं । म आफै आज पनि मेरो ईश्वर पैदा होस् र दुनियाका सबै खराबी सफा गरिदेओस् भनेर सतासी धाम धाइरहेको छु । मलाई आधा-आधा ढुंगाका टुक्रा जोडेर 'महान' बुद्धको मूर्ति बनाउने कला र कलाकारप्रति कम र महान बुद्धप्रति बढी आकर्षण त्यहि मुर्तिको कारण भैरहेकोछ र आह वाह गर्न बाध्य छु । यहि टर्निङ प्वाइन्टमा हामी सीप, कला, उद्देश्य, लगन होइन, दृश्य भौतिक चेतनाले हाम्रो भौतिकवादलाई भड्काइरहँदो रहेछ । हाम्रो परवरिस र हजूर आमाले सुनाउने कथाका शिक्षाभन्दा उनको कलाले पैदा गरेका सपनाहरु प्रमुख बन्न थाल्दा रहेछन् ।



यतिबेलाको राजनैतिक परिदृश्यबारे यस्ता केही रोचक सवालहरु राखौं । केही क्रान्तिकारी मित्रहरु क्रान्तिको बागडोरको कुरा गरिरहन्छन् । उनीहरुकै अभिव्यक्तिको आधारमा पत्रु भइसकेको माओवादी केन्द्रप्रति घृणा र अविश्वास व्यक्त गर्छन् । मैले बन्द कोठामा पार्टी समाप्त भएको स्वीकार्ने तर, बाह्य जीवनमा त्यहिँ त्राण देख्ने नेता कार्यकर्ताको ठूलो पंक्ती देखेको छु र उनीहरुको बिरासत त्यही हो थाहा छ । तर त्यहाँ सम्बन्ध बनाउन आफू अपबित्र बनिने भय यति बढी छ कि सरकारी पार्टीसँग सहकार्य होइन बोलचाल नै बन्द गर्नुपर्ने तर्कहरु सतहमा आइरहन्छन् तर, कुनबेला 'पत्रु पार्टी'मा प्रवेश गरेर महान् बनिने हो, ठेगान छैन । यतापनि बराबर सम्भावना रहनुलाई द्वन्द्ववाद देख्ने कि अवसरवाद ? यसमा सापेक्ष प्रतिकृया त आउलान् तर, आफु के हो भन्ने प्रश्नको जवाफ आउने छैन, आजसम्मका व्यवहारको जवाफको सार यही छ ।

यतिबेला मिटरब्याज पीडितको आन्दोलन सतहमा छ । डाचाराज वाग्ले र उनको नेतृत्वमा रहेको जिल्ला र संघर्षको पृष्ठभूमि रहेको जनआधारबाट यो आन्दोलन उठेको र बिस्तार भएको छ । आज माइतीघरमै जन्मिएको र उठेको ठान्नेहरुको आकर्षणको केन्द्र बनेको छ आन्दोलन । धेरै क्रान्तिकारीहरु यसको उर्लदो बेगले सत्ता परिवर्तन गराउने अपेक्षासम्म पुगेका छन् । निश्चित बिन्दुमा सम्झौता, कानुनी व्यवस्था र केही कारबाहीका पहलकदमीसँगै आन्दोलन बिसाउने छ । यसको बाह्य स्वरुप, सीमा र समाधान यही हो । यसलाई नरुचाउनेहरु कार्यान्वयनमा षड्यन्त्र गर्न थाल्नेछन् । बिस्तृत शान्ति सम्झौताले सिकाएको पाठ यही हो । महान क्रान्तिकारीहरु आन्दोलन तुहाएको अपजस सरकारमा बस्नेहरुको मत्था मढ्ने भाष्यको खोजी गर्नेछन् र तख्तनसिनहरु आफ्ना बढाइचढाइमा व्यस्त रहनेछन्, कानुनी लडाइँको पेचिलो स्थितिसँग भिड्न कसैका हरावल काममा जनतामाझ आउने छैनन् ।

*जडसुत्रीय ढंगले प्रतिरक्षा नहुने कुरा व्यवहारमै देखा परिरहेका छन् र कम्युनिष्ट आन्दोलनको पुनर्पुष्टिको लागि विभिन्न देशमा र वैश्विक स्तरमा गम्भीर बहस उठिरहेका छन् । नेपाली कम्युनिष्ट आन्दोलनमा यसको माग बढेको छ । यसलाई नजरन्दाज गरेर नेपाली कम्युनिष्ट आन्दोलनलाई जोगाउन सकिने छैन । यो अत्यन्त जटिल कार्य हो र शुभारम्भ आवश्यक छ ।*

सरकारी, गैरसरकारी तथा क्रान्तिकारीहरु जो यो आन्दोलनको पक्षमा छन्, माथि भनिएको परिणाम छिटो पाउन सहकार्य गरुन । होइन भने थकान र पलायनको सामान्य लक्षण देख्ने बित्तिकै अपराधीहरु दमन र आतंकको बाटो समाउन सक्छन् र आन्दोलन अराजक बन्ने र कसैको हातमा नरहने सम्भावना पनि सँगै छ । साथै, सम्झौता र कार्यान्वयनको सुनिश्चितताको लागि जनतामा जाने कार्य जसले गर्नेछ, जनता उनीसँगै रहनेछ । नेपालका क्रान्तिकारीहरु के यो सम्भावना र चुनौतिबारे योजनाबद्ध छन् ? जनपक्षधर सत्तासाझेदारसँग यसको लागि कुनै सांगठनिक योजना बनेको वा बन्दै गरेको छ ? म यतिबेलासम्म नकारात्मक सूचनाबाट उम्किन सकेको छैन र माथि भनिएको पुनरावृत्तिको इतिहास दोहोरिने छ ।

यस्तै बिजोग एमसीसी सम्बन्धमा सत्ता साझेदार कतिपय दल र नेताहरुको देखिरहेको छु । र क्रान्तिकारी धारा प्रचारभन्दा अन्यत्र कतै जिम्मेवार देखिरहेको छैन । राष्ट्रिय क्रान्तिकारी मोर्चाले आफ्नो कार्यक्रममा केही व्यक्तिहरुको आमन्त्रणको सजाय पाउन थालेछ । हामी परिणामप्रति निराश छौं र प्रचारमा क्रान्तिकारी जीवन खोजिरहेका छौं । यस्तो बियोगान्त इतिहासमा पटक-पटक देखिएका छन् र यसबारे शास्त्रिय निरुपण भैसकेका छन् । यी अदालती नजिर होइनन् र तर्कबाट परिणाम निस्किने छैन, जीवन दृष्टिकोण बनाउने र जीवन व्यवहारमा लागु हुने सवाल हुन । एमसीसी विरोधी आन्दोलनका सम्भावित दुई वटा स्वरुप रहनेछन् । पहिलो व्यापक जनताको आँधिमय आन्दोलनले संसदलाई निर्णय बदल्न र सरकारलाई कार्यान्वयन नगर्न निर्देशन दिने र एकपक्षीय ढंगले खारेज गर्दै निषेध गर्ने, दोस्रो त्यसपछि अर्कोपक्ष संसद र सरकार 'कब्जा गर्दै' दमनमा आउने र कोरिया, भियतनाम र कम्पुचियाको जस्तो राष्ट्रिय प्रतिरोधको लामो बाटोमा देश प्रवेश गर्ने खतरा देखिन्छ, तर यसको लागि पहलभन्दा विभिन्न ढंगका पलायनका सम्भावना पनि छन् । यी सबै सम्भावनालाई मध्यनजर गर्दै व्यापक र विस्तृत जनदबाबका कार्यक्रम सञ्चालन गर्नु नै प्राथमिकतामा पर्दछ । तर, आत्मसमर्पणको स्तरको 'एकता' बाहेक सहकार्यका सम्भावना खोज्ने पहल सरकारमा संलग्न पार्टीहरु खासगरी माओवादी केन्द्रमा देखिँदैन भने क्रान्तिकारी भनिनेहरुमा देखिने उदासिनताका कारण नै यो सम्भावना पनि गुम्ने खतरा देखिन्छ र सुदुरको बिषय बन्दै गरेको महसुस भइरहेको छ । यसको क्षति बाम धाराले नै बढी व्यहोर्नुपर्ने छ ।

कतिपय बहस र विवादहरु शास्त्रीय निरुपणसँगै हल भएका छन् । तर फेरि पनि यस्ता सवालमा विवाद र बखेडा खडा भैरहेका देखिन्छन् । जडसुत्रीय ढंगले प्रतिरक्षा नहुने कुरा व्यवहारमै देखा परिरहेका छन् र कम्युनिष्ट आन्दोलनको पुनर्पुष्टिको लागि विभिन्न देशमा र वैश्विक स्तरमा गम्भीर बहस उठिरहेका छन् । नेपाली कम्युनिष्ट आन्दोलनमा यसको माग बढेको छ । यसलाई नजरन्दाज गरेर नेपाली कम्युनिष्ट आन्दोलनलाई जोगाउन सकिने छैन । यो अत्यन्त जटिल कार्य हो र शुभारम्भ आवश्यक छ ।

नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक पुष्पलाल श्रेष्ठले वर्गीय आधारमा नेपालमा रहेका पार्टीहरु र उनको पक्षधरताबारे सम्झौताहिन संघर्षको उठान गरेका थिए । तर २०१७ को प्रतिविद्रोहपछि नेपाली कांग्रेसका बारेमा (विघटित संसदको पुनर्स्थापनाको सवालमा) आफ्नो भनाई फेरे र कांग्रेसलाई चीनको कोमिंताङसँग तुलना गरे । यसो गर्न आवश्यक थिएन, च्याङ काई सेकसँगको संयुक्त मोर्चाको उद्धरणसम्म पुग्दा पर्याप्त थियो, साथै स्वयम् कांग्रेस राजासँग सम्झौता र कम्युनिष्ट विरोधी सहकार्यको पक्षमा थियो । उसलाई राजाको विरुद्ध सहकार्यमा ल्याउन सक्ने आत्मगत स्थितिको विकास भएको थिएन । त्यस्तै, हालसालै मोहन वैद्यको सिंहानुकको प्रसंग आरएसएस, मोदी सरकार र अमेरिकाको सहयोगमा प्रतिगमनको सपना देखिरहेको र कांग्रेस-एमाले गठबन्धनको लागि भारत र अमेरिकाले प्रयत्न थालिरहेको सन्दर्भमा आफ्नो नेतृत्वको अनुकुलता खोजिरहेको शक्तिसँग स्वयम् निर्णायक भौतिक स्थितिमा नरहेको अवस्थामा यस्तो सोच्नु औचित्यपूर्ण देखिँदैन । वैद्यलाई अवसरवादी भन्न सकिन्न तर उक्त प्रसंगले त्यहाँ पुगायो, सायद यो प्रसंगलाई उनले सच्याइ सकेका छन् ।

